## जीतपुरसिमरा उपमहानगरपालिकाको स्वास्थ्य ऐन,२०७५ को (दोस्रो संशोधन), २०८१

**प्रस्तावनाः**

जीतपुरसिमरा उपमहानगरपालिका स्वास्थ्य ऐन, २०७५ लाई संशोधन गर्न वान्छनीय भएकोले, जीतपुरसिमरा उपमहानगरपालिकाले यो ऐन बनाएको छ ।

१. **संक्षिप्त नाम र प्रारम्भः** (१) यस ऐनको नाम "जीतपुरसिमरा उपमहानगरपालिका स्वास्थ्य ऐन, २०७५ (दोस्रो संशोधन), २०८१" रहेको छ ।

(२) यो ऐन तुरुन्त प्रारम्भ हुनेछ ।

२. **मूल ऐनको दफा ८ को उपदफा (१)(ङ), (५) र (६) मा थप गरी संशोधन गरिएको छ ।**

<u>जीतपुरसिमरा नगर अस्पताल सञ्चालन तथा व्यवस्थापन समितिः</u>

| | | |
|---|---|---|
| १) | नगर प्रमुख | संरक्षक |
| २) | नगर उपप्रमुख | अध्यक्ष |
| ३) | नगर प्रमुखले तोकेको स्थानीय समाजसेवी/विज्ञ/बुद्धिजीवी | उपाध्यक्ष |
| ४) | नगर प्रवक्ता | सदस्य |
| ५) | सामाजिक विकास समिति संयोजक | सदस्य |
| ६) | अस्पताल रहेको वडाको वडा अध्यक्ष | सदस्य |
| ७) | स्वास्थ्य क्षेत्रमा क्रियाशील स्थानीय स्वास्थ्य क्षेत्रको विज्ञमध्ये नगर प्रमुखले समावेशीताको हिसाबले तोकेको कम्तिमा एक महिला सहित तीन जना | सदस्य |
| ८) | नगर उपप्रमुखले तोकेको फरक क्षमता भएका व्यक्ति एक जना | सदस्य |
| ९) | उपमहानगरपालिकाको जनस्वास्थ्य प्रवर्द्धन शाखा प्रमुख | सदस्य |
| १०) | अस्पतालको मेडिकल सुपरिटेन्डेन्ट | सदस्य |
| ११) | प्र.प्र.अ.ले तोकेको अधिकृतस्तरको कर्मचारी | सदस्य सचिव |

८. (५) उपदफा (१) का सम्पूर्ण समितिमा आवश्यकता अनुसार राजनीतिक दलहरु, स्थानीय समाजसेवी तथा बुद्धिजीवीहरूलाई आमन्त्रित गर्न सक्नेछ ।

(६) नगर अस्पताल सञ्चालन गर्नको लागि आवश्यक नीति, निर्देशिका, मापदण्ड तथा कार्यविधिहरू कार्यपालिकाले निर्माण गर्न सक्नेछ ।

नगर प्रमुख